ओमसतिया गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय, हाटीफर्साटिकर, रुपन्देही
नगर प्रहरी सहायक निरिक्षक पदको परिक्षाको किसिम तथा पाठ्यक्रम

पदः नगर प्रहरी सहायक निरीक्षक श्रेणीः राजपत्र अनंङ्कित द्धितीय

परीक्षा योजना (Examination Scheme)

यस परिक्षा योजनालाई विभिन्न चरण गरी देहाय वमोजिम पाँच चरणमा विभाजन गरिएको छ।

| क्र.स | परीक्षा चरण | विवरण | पूर्णाङ्क | उत्तीर्णाङ्क |
|---|---|---|---|---|
| १ | प्रथम चरण (First Phase) | दरखास्त छनौट<br>प्रारम्भिक स्वास्थ्य परिक्षण | - | - |
| | | शारीरिक तन्दुरुस्ती परिक्षा | ५० | २० |
| २ | दोस्रो चरण | विस्तृत स्वस्थ्य परिक्षण परिक्षा | - | - |
| ३ | तेस्रो चरण | लिखित परिक्षा | ५० | २० |
| ४ | चौंथो चरण | अन्तर्वार्ता | २० | - |

प्रथम चरणः (First Phase)

१. दरखास्त छनौट(Application Screening)

तोकिएको योग्यता पुरा गरी विधिवत रुपमा दरखास्त पेश गरेका उम्मेदवारहरुको दरखास्त स्वीकृत गरिन्छ।

२. प्रारम्भिक स्वास्थ्य परिक्षण परीक्षा( Initial Medical Check-up Examination- IMCE)

- प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त २०६९ को अनुसूची -६ मा व्यवस्था भए वमोजिम हुने।

प्रारम्भिक स्वास्थ्य परिक्षण(फिजिकल फिट्नेस) मा अयोग्य हुने अवस्थाहरुः

- अंगभंग /कुरुप देखिने
- हातखुट्टा बाङ्गोटिङ्गो र औंलाहरु ठीक नभएको
- घुँडा Knee lock भएको अथवा Rickets भई फाटिएको (K2 / K2 भन्दा माथीको)

- धैरै चेप्टो पैताला भएको (भालु पाईले)
- प्रष्ट बोली नभएको /भकभके
- लठ्यौरो
- ढाड कुप्रो भएको
- शरीर पुरा झुकाउन नसक्ने
- जिउ कोल्टे परेको (बाङ्गो शरीर भएको)
- दुबी भएको
- कपाल झरेको, फुलेको वा रङ्गाएको
- लुरे(उचाई अनुसार अत्याधिक दुब्लो) कम्तीमा ५० के.जी पुरुष र ४२ के.जी महिला
- आँखा डेढो भएको
- कुनै एक आँखा चिम्लन नसक्ने
- उचाई अनुसार हुनुपर्ने तौल भन्दा अत्याधिक तौल बढी भएको
- शरीर मोटो तर हातखुट्टा झिनो देखिने
- अनुहारमा अस्वभाविक दाग भएको
- शरीरको बाहिर देखिएको भागमा ट्याटु मार्क बनाएको
- २ वटा भन्दा बढी दाँत किराले खाएको वा झरेको
- भेरीकोच वा नशा फुल्ने भएको

३. शारीरिक तन्दुरुस्ती परिक्षणः-

| ईभेन्ट्स | ३०० मिटर दौड | ३.२ कि.मि.(२ माइल दौड) | जम्मा |
|---|---|---|---|
| पूर्णाङ्क | २० | ३० | ५० |
| उत्तीर्णाङ्क | ८ | १२ | २० |

नोटः-

- शारीरिक तन्दुरुस्ती परिक्षाको अंकभार परिशिष्ट (क) वमोजिम हुनेछ।
- कुनै पनि इभेन्टस अनुर्त्तीण हुने उम्मेदवारलाई सो भन्दा पछि हुने ईभेन्टमा सहभागी गराईने छैन।

**दोस्रो चरणः-**

विस्तृत स्वास्थ्य परिक्षण परीक्षाः-

सरकारी अस्पताल तथा नेपाल सरकारबाट मान्यता प्राप्त मेडिकल कलेजबाट स्वास्थ्य परिक्षण गरी रिपोर्ट पेश गर्ने ।

- Height, Weight and Chest Measurement
- Chest Check- up (X-ray)
- Urine Test
- Ear, Nose and Throat Check up
- Dental Check up
- General Physical Check (Surgical Test)
- Blood Pressure and Pulse Check up
- Eye Test (Color Blind and Vision Power)
- General Personality Observation
- Psychiatric Checking
- Color Blind Test

**तृतीय चरण (Third Phase)**

**लिखित परीक्षा योजना**

| क्र.स | विषय | परिक्षा प्रणाली | प्रश्न संख्या अंकभार | समय | पूर्णाङ्क | उत्तीर्णाङ्क |
|---|---|---|---|---|---|---|
| १ | सामान्य ज्ञान | वस्तुगत बहुवैकल्पिक प्रश्न (MCQS) | ३५×१= ३५ | ४५ मिनेट | ५० | २० |
| २ | बौद्धिक परिक्षण | | १५×१=१५ | | | |

लिखित परीक्षाको पाठ्यक्रम

क) सामान्य ज्ञान

१. भुगोल

- नेपालको भूगोलः अवस्थिति, हावापानी, हिमश्रृखला, नदीनाला, ताल तलैया, र वनजंगल।
- विश्वको भूगोलः महादेश, महासागर।

२. इतिहास, संस्कृति र सामाजिक अवस्था

- नेपालको प्राचीनकाल तथा मध्यकालको राजनीतिक, आर्थिक एवं सामाजिक सांस्कृतिक अवस्था।
- आधुनिक नेपालको इतिहासः पृथ्वीनारायण शाह देखि वर्तमान अवस्था सम्मको राजनीतिक, आर्थिक एवं सामाजिक सांस्कृतिक अवस्था।
- नेपालका ऐतिहासिक युद्ध तथा सम्झौताहरु।
- नेपालका प्रचलित धर्म, संस्कृति, जातजाति, भाषा, साहित्य र कला।

३. नेपालमा विकासका पूर्वाधारहरुः कृषि, उद्योग, पर्यटन, शिक्षा र स्वास्थ्य।

४. पर्यावरणीय संरक्षण, जलवायु परिवर्तन, जनसांख्यिकी, शहरीकरण, बसोवास, प्रदुषण, तथा राष्ट्रिय सम्पदा, राष्ट्रिय निकुञ्ज तथा आरक्षित क्षेत्रको संरक्षण सम्वन्धी जानकारी।

५. कम्प्युटर, मोवाइल, इमेल-इन्टरनेट, सामाजिक सञ्जाल, ड्रोन, रोवोट जस्ता नवीनतम प्रविधिले मानव जीवनमा पारेको प्रभाव।

६. संयुक्त राष्ट्रसंघ तथा यसको मिसनमा नेपाल प्रहरीको सहभागिता।

७. SAARC, BIMISTEC, INTERPOL सम्वन्धी जानकारी।

८. राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक, खेलकुद, पुरस्कार, कला र साहित्य सम्वन्धी समसामयिक घटना तथा नवीनतम गतिविधिहरुबारे सामान्य जानकारी।

९. नेपालको संविधान (भाग १,२,३,४,५ र अनुसूचीहरु) सम्वन्धी जानकारी।

१०. वंश (Gene) र वंशाणु (Genetics) सम्वन्धी जानकारी।

११. प्रहरी संगठन सम्वन्धी समसामयिक जानकारी, प्रहरी सेवाको दर्ज्यानी चिन्ह, पद तथा श्रेणी, ट्राफिक संकेत सम्वन्धी जानकारी।

१२. ओमसतिया गाउँपालिकाको गाउँपालिका नगर प्रहरी नियमावली, २०७४ सम्वन्धी सामान्य जानकारी

खण्ड "ख" बौद्धिक परीक्षण

Section (B) Reasoning Test

१५ प्रश्न ×१ अंक = १५ अंक

पूर्णाङ्क ५०

१. Verbal Reasoning (शाब्दिक तार्किक परीक्षण) ४ प्रश्न ×१ अंक = ४ अंक
अनुक्रम (Series), समरुपता (Analogy), कोडिङ-डिकोडिङ (Coding-Decoding),छोडिएका अक्षर/संकेत मिलाउने (insert the missing character), दिशा र दुरी ज्ञान परिक्षण(Direction and Distance Sense Test)

२. मात्रात्मक (संख्यात्मक वा अंक सम्वन्धी ) तार्किक परीक्षण (७ प्रश्न×१ अंक = ७ अंक)
अनुक्रम / श्रेणीक्रम(Series/Sequence), समरुपता(Analogy), वर्गीकरण (Classification), कोडिङ्ग (Coding), छोडिएका संख्या (अक्षर/संकेत) मिलाउने (insert the missing character), साझा गुण(Common Property), मेट्रिक्स (Matrices), प्रतिशत (Percentage), भिन्न (Fraction), दशमलव (Decimal), अनुपात (Ratio), औसत (Average), नाफा नोक्सान (Profit and loss)

३. अशाब्दिक तार्किक परीक्षण (Non-Verbal Reasoning) (४ प्रश्न × १ अंक = ४ अंक)अनुक्रम(Series), समरुपता (Analogy),एकरुपता(Symmetry),भेन चित्र (Venn-Diagram), मेट्रिक्स चित्र (Matrices), बिन्दु/स्थिति(Dot Situation)

# परिशिष्ट-(क)

## शारीरिक तन्दुरुस्ती परीक्षण परिक्षाको अंकभार

- कुनै पनि ईभेन्ट अनुर्त्तीण हुने उम्मेदवारलाई सो भन्दा पछि हुने ईभेन्टमा सहभागी गराईने छैन।

१. ३०० (तीन सय) मिटर दौड

| क्र.स | पुरुषको लागि समयावधि | (पुरुष/महिला) अंकः२० | महिलाको लागि समयावधि |
|---|---|---|---|
| १ | ४० सेकेन्ड वा सो भन्दा कम | २० | ५० सेकेन्ड वा सो भन्दा कम |
| २ | ४२ सेकेन्ड सम्म | १८ | ५२ सेकेन्ड सम्म |
| ३ | ४४ सेकेन्ड सम्म | १६ | ५४ सेकेन्ड सम्म |
| ४ | ४६ सेकेन्ड सम्म | १४ | ५६ सेकेन्ड सम्म |
| ५ | ४८ सेकेन्ड सम्म | १२ | ५८ सेकेन्ड सम्म |
| ६ | ५० सेकेन्ड सम्म | १० | ६० सेकेन्ड सम्म |
| ७ | ५२ सेकेन्ड भित्र सम्म | ८ | ६२ सेकेन्ड सम्म |
| ८ | ५२ सेकेन्ड भन्दा बढी | अनुत्तीर्ण | ६२ सेकेन्ड भन्दा बढी |

२. ३.२ कि.मि.(२ माईल) दौड

| क्र.स | पुरुषको लागि पटक | (पुरुष/महिला) अंकः३० | महिलाको लागि पटक |
|---|---|---|---|
| १ | १२ मिनेट वा सो भन्दा कम | ३० | १६ मिनेट वा सो भन्दा कम |
| २ | १३ मिनेट सम्म | २६ | १७ मिनेट सम्म |
| ३ | १४ मिनेट सम्म | २० | १८ मिनेट सम्म |
| ४ | १५ मिनेट सम्म | १६ | १९ मिनेट सम्म |
| ५ | १६ मिनेट भित्र सम्म | १२ | २० मिनेट भित्र सम्म |
| ६ | १६ मिनेट भन्दा बढी | अनुत्तीर्ण | २० मिनेट भन्दा बढी |

नोटः-

१. छनौट चरणको प्रारम्भमा उचाई, छाती र तौलको नाप गरिनेछ। उक्त नापमा उत्तीर्ण भएका उम्मेदवारहरुलाई मात्र प्रारम्भिक स्वास्थ्य परीक्षण (२० बुँदे) परीक्षामा समावेश गराईनेछ।

२. प्रारम्भिक स्वास्थ्य परीक्षण उत्तीर्ण भएका उम्मेदवारहरुलाई मात्र क्रमशः शारीरिक तन्दुरुस्ती परीक्षामा समावेश गराईनेछ।